नेपाल सरकार
ऊर्जा, जसस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. :- ४३३४११९
४५११५३७
४५१९५०१
४५३९३६८
फ्याक्स :- ४५३१९०२
पो.ब.नं. :- २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : २०८२/०८३ (अनुमतिपत्र)
चलानी नं. :- ४६

मिति : २०८२/४/७

विषय :- माथिल्लो भेरी अर्धजलाशययुक्त (PROR) ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्र बारे।

श्री इन्टिग्रेटेड मोबिलिटि सोलुसन्स प्रा.लि.
काठमाडौं महानगरपालिका वडा नं. १, केबि प्लाजा भवन, बिनामार्ग, कमलादी, काठमाडौं ।
फोन नं. : ४५४००९०
सम्पर्क मोबाइल नं. : ९८५१२७९९९९

प्रस्तुत विषयमा तहाँले माथिल्लो भेरी अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना (३२५ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्र पाउन दिएको दरखास्त माथि कारवाही हुँदा तपशिल बमोजिमका कागजात विवरणहरू तथा प्रतिक्रिया ७ दिनको समयावधिभित्र पेश गर्नुहुन विभागको मिति २०८२/४/४ को निर्णयानुसार जानकारी गराईन्छ ।

तपशिल (पेश गर्नु पर्ने थप कागजात विवरण तथा प्रतिक्रिया र प्रस्तुतीकरण) :

१. कम्पनीको अद्यावधिक शेयर लगत अभिलेखको विद्युतीय प्रति Excel format मा तथा प्रस्तुत आयोजनाको उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) को प्रमाणित प्रतिलिपि ।
२. पछिल्लो आर्थिक वर्ष २०८०/०८१ को लेखा परिक्षण गरिएको वित्तीय विवरण तथा कर चुक्ता प्रमाणपत्र ।
३. आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (प्रतिवेदन स्वीकृतिको पत्र सहित) तथा सोको विद्युतीय प्रति।
४. पेश भएको टोपोनक्शामा रेखांकन भएको संरचना अध्ययन गर्दा पूर्वी सिमाना (देशान्तर) तर्फको ८२° ४६' २२" पु. भन्दा पुर्व तर्फको क्षेत्र आयोजनाका संरचनाको लागी उपयोग नहुने देखिंदा उपयोग नहुनाको कारण र उपयोग नहुने भएमा सो अनुरुप क्षेत्र संशोधनको लागि कम्पनीको संचालक समितिको निर्णय सहित आयोजनाको प्रमुख संरचना तथा जलाशयक्षेत्र नक्शांकन सहित अक्षांश देशान्तर रेखांकन गरिएको सक्कल स्थलरूप (टोपो) नक्शा पेश हुन ।
५. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरूको लगत विवरण ।
६. प्रस्तुत आयोजनाको वि.उ.स. १०३८ को प्रकरण ७ (द) र ७ (ध) मा आयोजनाको अध्ययन सम्बन्धी शर्तहरू तोकिएकोमा उक्त शर्तहरुलाई के कसरी सम्बोधन गरिएको छ ? सो विषय समेतलाई सम्बोधन गर्ने गरी आयोजनाको प्राविधिक तथा वातावरणीय पक्ष समेटिएको प्रस्तुतीकरण पेश गर्न पत्राचार गरिएकामा प्रस्तुतीकरण पेश नगर्नुको कारण उल्लेख गरी ७ दिनभित्र स्पष्टिकरण पेश गर्न र परामर्शदाता टोली सहितको उपस्थितिमा १५ दिनभित्र प्रस्तुतीकरण पेश गर्नु हुन ।

............................
(दुर्गानारायण भुसाल)
ईन्जिनियर

बोधार्थ:
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।